पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
बिराटनगर, नेपाल ।

आ. व.: ।२०७६/०८० मितिः २०७९।१०।२३

श्री क्याम्पस प्रमुखज्यू,
**BCA / BIT/ PGDCA / B.Sc. (Hons.) Ag. / B.V.Sc. & A.H. / B.Sc. Forestry / B. Food, Dairy Technology / B.Tech. Biotechnology / B.Sc. Biotechnology** अध्यापनहुने सम्पूर्ण क्याम्पस/ कलेजहरू ।

विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।

पूर्वाञ्चल विश्वविद्यालयद्वारा विज्ञान तथा प्रविधि संकाय अन्तर्गत सन् **2023** (वि.स. **२०७९**) मा सञ्चालन गरिने स्नातकतह **BCA / BIT / B.Sc. (Hons.) Ag. / B.Sc. Forestry / B. Food, Dairy Technology / B.Tech. Biotechnology / B.Sc. Biotechnology** तथा **B.V.Sc. & A.H.** शैक्षिक कार्यक्रमहरूको **दोश्रो** सेमेष्टरको नियमित तथा आंशिकरूपमा त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई **मिति २०७९।११।१४ गतेसम्म** परीक्षा आवेदन फाराम भराई नियमानुसारको परीक्षा शुल्क वापतको रकम **नबिल बैंक** स्थित यस कार्यालयको **A/C 00710017518402** मा **मिति २०७९।११।१८ गते**भित्र जम्मा गरी सो को सक्कल बैंक भौचर **(Customer Copy)** तथा परीक्षा आवेदन फाराम क्याम्पस/ कलेजको प्रतिनिधि मार्फत यस कार्यालयमा **मिति २०७९।११।२१ गते**भित्र उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । उक्त मितिसम्म परीक्षा फाराम भर्न छुट भएका विद्यार्थीहरूको लागि तपशिल बमोजिमको विलम्ब शुल्क लिई तोकिए बमोजिमका मितिसम्म फाराम भराई नियमानुसारको परीक्षा शुल्क र विलम्ब शुल्क सहित परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई सक्नु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ......यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै, परीक्षा फाराम भराउँदा तपशिल बमोजिमको निर्देशनहरू अनिवार्य रूपमा पालन गर्न/गराउन अनुरोध छ ।

तपशिलः

१) परीक्षा आवेदन फाराम पठाउँदा शैक्षिक सत्र समूह अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई विषयगत विवरण फाराम तयार गरी फाइलिङ् गरी पठाउनु पर्नेछ ।
२) परीक्षा आवेदन फाराममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । तोकिएको कागजातहरू पूरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन ।
३) परीक्षा आवेदन फाराममा रहेको तीनवटा फोटो मध्ये पहिलो फाटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
४) परीक्षा आवेदन फारामको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।
५) परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । प्रयोगात्मक विषयमा मात्र अनुत्तिर्ण विद्यार्थीले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भर्नुपर्नेछ ।
६) कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फाराममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रति विषय रू. ५००।- लाग्नेछ ।
७) आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।
८) परीक्षा शुल्क देहाय बमोजिम हुनेछः

| क्र.सं. | विवरण | स्नातकतह |
|---|---|---|
| १. | नियमित तथा आंशिक (२०२० समुह देखि नियमित तथा आंशिक) | रु.१५००।- |
| २. | नियमित (२०१६ समुह सम्म) | रु.११००।- |
| ३. | आंशिक १ विषय (अन्य समूह तथा सेमेष्टर) | रु.५००।- |
| ४. | आंशिक २ विषय (अन्य समूह तथा सेमेष्टर) | रु.८००।- |
| ५. | आंशिक २ भन्दा बढि विषय (अन्य समूह तथा सेमेष्टर) | रु.११००।- |
| ६. | विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रु.१०००।- |
| ७. | विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडि सम्म) | रु.२०००।- |
| ८. | विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडि सम्म) | रु.३०००।- |

नि. परीक्षा नियन्त्रक